मिति :- २०८० मंसिर ६

## संयुक्त प्रेस विज्ञप्ति

मिति २०८० मंसिर ५ गते अनेरास्ववियूको केन्द्रीय कार्यलय अनामनगरमा अनेरास्ववियू अध्यक्ष आरति लामाको अध्यक्षतामा संयुक्त विद्यार्थीहरुको बैठक बसी समसामयिक विषयमा संयुक्त धारणा निर्माण गरि यसै विज्ञप्ति मार्फत सार्वजनिक गरिएको छ । हामी ५ विद्यार्थी संगठन विगत लामो समयदेखि नेपालको समग्र शिक्षा प्रणालीको आमूल परिवर्तनको पक्षमा र आम सर्वसाधारणको जीविकाको सवालमा सदैव प्रतिपक्षको भूमिकामा संघर्षरत रहेको सर्वविदितै छ । यसै सन्दर्भमा पछिल्लो समय समग्र राष्ट्र र शिक्षा जगतमा देखिएका प्रमुख समस्याहरु तत्काल समाधान गर्न नेपाल सरकार र मातहतका सम्वन्धित निकायको ध्यानाकर्षण सहित निम्न मागहरु पेश गर्दछौं ।

१. गत कार्तिक २ गते बिहीबार दक्षिणी इजरायलको Kibbutz-Alumim क्षेत्रमा प्यालेस्टाइनी समूह हमासको आक्रमणमा परी बन्धक बनेका मध्ये एक जना नेपाली विद्यार्थी विपिन जोशी पनि रहेको र उनी जीवित रहेको भनिए पनि अझै उनको ठोस अवस्था सार्वजनिक हुन सकिरहेको छैन । जोशीको वास्तविक अवस्थाबारे तत्काल जानकारी गराउन र उनलाई सकुशल स्वदेश ल्याउन सरकारले आफ्ना सम्पूर्ण संयन्त्र प्रयोग गरि उच्च स्तरीय कुटनैतिक पहलकदमी अविलम्ब थालनी गरियोस् ।

२. विद्यमान राज्य व्यवस्था नेपाली जनताको लामो संघर्ष र बलिदानीको उपज हो । आजको आवश्यकता भनेको जनताका आर्थिक, सामाजिक र राजनीतिक मुद्दाहरूलाई सम्वोधन गर्दै यही व्यवस्थाको सवलीकरण र सुदृढीकरण गर्नु हो । आजको समयमा लोकतान्त्रिक व्यवस्थालाई कमजोर बनाउने षडयन्त्र वा कुनै पनि खाले अतिवाद विद्यार्थी संगठनहरुका निम्ति स्विकार्य हुन सक्दैन । सरकारले सामाजिक सद्भाव बिथोल्न उद्धत तत्त्वहरूलाई कारवाहीको दायरामा ल्याओस् । अराजकतावादीहरुलाई निस्तेज पार्दै समाजमा अमनचयनको वातावरण सिर्जना गरियोस् ।

३. गत कार्तिक १७ गते जाजरकोट र रुकुम (पश्चिम) मा गएको विनाशकारी भूकम्पका कारण त्यहाँका अधिकांश विद्यालय क्षतविक्षत छन् र विद्यार्थीहरु कक्षाकोठा विहिन अवस्थामा छन् । विद्यार्थीको पठनपाठन ठप्प भई उनीहरुको शैक्षिक भविष्य अन्योलग्रस्त बन्ने खतरा बढ्ने भएकोले भत्किएका विद्यालयको भौतिक संरचना निर्माणको कामलाई तिव्र रुपमा अघि बढाइयोस्। पठन-पाठन शिघ्र सुचारु गरियोस् । न्यायिक राहत वितरणको कामलाई थप प्रभावकारी बनाइयोस् ।

४. त्रिभुवन विश्वविद्यालयमा रिक्त उपकुलपति लगायतका पदाधिकारी एवं आवश्यक अन्य जनशक्ति कार्यसम्पादन मूल्यांकन, क्षमता र योग्यता प्रणालीमा आधारित खुला प्रतिस्पर्धा मार्फत छनौट गरिने व्यवस्था मिलाइयोस् ।

५. "विद्यालय शिक्षा विधेयक-२०८०" लाई संविधानमा उल्लेख गरिएको निशुल्क, व्यवहारीक, जीवन उपयोगी र समाजवादी शिक्षा पद्धतिको मर्मलाई आत्मसात हुने गरी अघि बढाइयोस ।

**पुनश्चः** माथि उल्लिखित मागहरु यथा शिघ्र सम्वोधन नभए हामी संयुक्त विद्यार्थी संगठनहरुले वृहत आन्दोलनका कार्यक्रम घोषणा गर्ने समेत यसै प्रेस विज्ञप्ति मार्फत सम्पूर्णमा सूचित गर्दछौं ।

| दुजाङ शेर्पा | पद्मा सिंह | आरती लामा | प्रकाश सी | रमेश यादव |
|---|---|---|---|---|
| अध्यक्ष | अध्यक्ष | अध्यक्ष | अध्यक्ष | अध्यक्ष |
| नेपाल विद्यार्थी संघ | अखिल (क्रान्तिकारी) | अनेरास्ववियू | अखिल (क्रान्तिकारी) | समाजवादी विद्यार्थी युनियन, नेपाल |

देवेन्द्र कुँवर
अध्यक्ष
अखिल (छैठौं)